रघुगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मौवाफाँट, म्याग्दी

२०७३

पत्र संख्या:- २०७९/०८०

गण्डकी प्रदेश, नेपाल

च.नं.

**स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम तहवृद्धि गर्ने सम्बन्धी सूचना।**

**सूचना नं. ०१/२०७९-०८० (तहवृद्धि)**

**सूचना प्रकाशन मिति २०८०/०३/२५**

स्थानीय सेवा(गठन तथा सञ्चालन ) ऐन, २०७९ को दफा २७ मा भएको तहवृद्धिको व्यवस्था बमोजिम तपसिलका उल्लेखित सर्तहरु पुरा भएका रघुगंगा गाँउपालिकाका स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुले यस कार्यालयको वेवसाईट (www.raghugangamun.gov.np) मा राखिएको तहवृद्धिको आवेदन फाराम डाउनलोड गरी नेपाली कागजमा प्रिन्ट गरी फारममा उल्लेखित विवरण खुलाई चार प्रति तयार गरी सम्बन्धित शाखा प्रमुखबाट प्रमाणित गराई मिति २०८० असार मसान्तसम्ममा कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सूचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदनलाई तहवृद्धिको प्रक्रियामा सामेल नगराइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

१. स्थानीय सेवाको स्वास्थ्य सेवा बाहेकको अन्य सेवामा कार्यरत कर्मचारीको हकमा:
   - क. अधिकृतस्तर छैटौं(प्राविधिक/अप्राविधिक) को पदमा हुने तहवृद्धिको लागि सहायकस्तर पाँचौ तहको पदमा पाँच वर्ष सेवा अवधि पुरा भएको हुनुपर्नेछ ।
   - ख. अधिकृतस्तर छैटौं(प्राविधिक/अप्राविधिकक) को पदमा हुने तहवृद्धिको लागि सहायकस्तर पाँचौ तहको पदमा पाँच वर्षको कार्यसम्पादन मुल्याङ्कनमा कम्तिमा पन्चानब्बे औषत अङ्क प्राप्त हुनुपर्नेछ ।
   - ग. स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३१ बमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

२. स्थानीय सेवाको स्वास्थ्य सेवामा (चौंथो, पाँचौ र छैठौ) तहमा कार्यरत कर्मचारीको हकमा:
   - क. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ को उपदफा ३ बमोजिम (स्वास्थ्य सेवा ऐन, २०५३ तथा नियमावली, २०५५) बमोजिमको सेवा, शर्त र अवधि पुरा भएको हुनुपर्नेछ ।
   - ख. स्वास्थ्य सेवा ऐन, २०५३ एवम नियमावली, २०५५ बमोजिम स्तरवृद्धिको लागि आवश्यक पर्ने कागजात संलग्न हुनुपर्ने ।
   - ग. स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ (क) बमोजिम नकरात्मक सूचीमा नपरेको हुनुपर्नेछ ।
   - घ. स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ११ बमोजिमको अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधिको शाखा प्रमुखबाट प्रमाणित सिफारिस पत्र । (साथै अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हाजिरी एवम अवधि खुल्ने कागजातहरु:- कामकाज गर्न खटाइएको पत्र, रमाना पत्र र हाजिरी भएको जानकारीको पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।)

रघुगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मौवाफाँट, म्याग्दी

२०७३

पत्र संख्याः- २०७९/०८०

गण्डकी प्रदेश, नेपाल

ङ. साविक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भएका कर्मचारीहरुले यस गाँउपालिकामा समायोजन भएको पत्र।

च. स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३१ बमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

३. स्थानीय सेवाको सबै सेवामा कार्यरत कर्मचारीहरुले आवेदन साथ खुलाउनुपर्ने तथा संलग्न गर्नुपर्ने अन्य कागजातहरुको विवरणः

क. आवेदन फारमको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।

ख. सुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी।

ग. तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तरवृद्धिको प्रमाणित प्रतिलिपी।

घ. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम रघुगंगा गाँउपालिकामा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपी र पदस्थापन पत्रको प्रमाणित प्रतिलिपी।

ङ. अद्यावधिक कर्मचारीको विवरण(PIS)

२०८०।०३।२८

कृष्ण प्रसाद ढकाल

प्रमुख प्रशासकीय अधिकृत